# सोसाइटी अफ एग्रिकल्चरल साइन्टिस्ट्स, नेपाल

## (सास-नेपाल)

# विधान

## २०५२

## (दोस्रो संशोधन २०७९)

# सोसाइटी अफ एग्रिकल्चरल साइन्टिस्ट्स, नेपाल
# (सास-नेपाल)

# विधान

२०५२

(दोस्रो संशोधन २०७९)

# प्रस्तावना

नेपालको अर्थतन्त्रमा प्रमुख भुमिका रहेको कृषि क्षेत्रलाई वैज्ञानिक किसिमबाट अनुसन्धान गरी बढी उत्पादनशील बनाई नेपालको बहुसंख्यक कृषि पेशामा संलग्न वर्गको जीवनस्तर उकास्ने जस्तो महान जिम्मेवारी बहन गरी अनुसन्धान कार्यमा सकृयरुपले संलग्न कृषि वैज्ञानिक/अनुसन्धानकर्ताहरुको पेशागत हक, हित र उत्थानमा सुसंगठित हुनको लागि कुनै किसिमको राजनैतिक उद्देश्य नभएको विशुद्ध पेशागत संगठनको आवश्यकता परेकोले संस्थागत दर्ता ऐन, २०३४ बमोजिम नेपाल सरकारको स्थानीय अधिकारीको स्वीकृति लिई संस्थागत सदस्यहरुद्वारा सोसाइटी अफ एग्रिकल्चरल साइन्टिस्ट्स, नेपाल (सास-नेपाल) को विधान बनाई जारी गरिएको छ ।

# परिच्छेद १

## १. प्रारम्भिक

### १.१. संक्षिप्त नाम र प्रारम्भः

१.१.१ यो विधानको नाम "सोसाइटी अफ एग्रिकल्चरल साइन्टिस्ट्स, नेपाल (सास-नेपाल) को विधान, २०५२" रहेको छ ।

१.१.२ यो विधान तुरुन्त प्रारम्भ हुनेछ ।

### १.२. परिभाषाः

यस विधानमा विषय वा प्रसंगले अर्को अर्थ नलागेमा,

१.२.१ "संस्था" भन्नाले "सोसाइटी अफ एग्रिकल्चरल साइन्टिस्ट्स, नेपाल (सास-नेपाल)" सम्झनु पर्दछ ।

१.२.२. "कार्यकारी समिति" भन्नाले संस्थाका सदस्यहरु मध्येबाट निर्वाचित अधिकारीहरुको कार्यकारी समितिलाई जनाउने छ ।

१.२.३. "विधान" भन्नाले संस्थाको विधानलाई जनाउने छ ।

१.२.४. "नियमावली" भन्नाले संस्थाको कार्य संचालन गर्न विधान अन्तर्गत पारित भएका नियमावली बुझ्नु पर्दछ ।

१.२.५. "नियम" भन्नाले संस्थाको नियमावली अन्तर्गतका नियमहरु सम्झनु पर्दछ ।

१.२.६. "केन्द्रिय कोष" भन्नाले केन्द्रिय कार्यालयको सम्पुर्ण चल-अचल सम्पत्ति सम्झनु पर्दछ ।

१.२.७. "निर्देशिका" भन्नाले कार्यकारी समितिले परिभाषित गरेको निर्देशिका सम्झनु पर्छ ।

१.२.८. "कार्यविधि" भन्नाले कार्यकारी समितिले परिभाषित गरेको कार्यविधि सम्झनु पर्छ ।

१.२.९. "पदाधिकारी" भन्नाले कार्यकारी समितिका पदाधिकारी सम्झनु पर्छ । यो शब्दले सो समितिका सदस्यहरुलाई समेत जनाउँछ ।

१.२.१०. "साधारण सभा" भन्नाले विधान अनुसार बोलाईएको संस्थाको सभालाई सम्झनु पर्दछ ।

१.२.११. "उपसमिति" भन्नाले विधान अनुसार कार्यकारी समितिले निश्चित प्रयोजनको लागि गठन गरेको उपसमिति सम्झनु पर्दछ ।

१.२.१२. "केन्द्रिय कार्यालय" भन्नाले संस्थाको मुख्य कार्यालयलाई सम्झनु पर्दछ ।

१.२.१३. "प्रदेश" भन्नाले नेपालको संविधान २०७२ ले परिभाषित गरेबमोजिम बुझ्नुपर्नेछ ।

## १.३. संस्थाको स्थापनाः

१.३.१. "सोसाइटी अफ एग्रिकल्चरल साइन्टिस्ट्स, नेपाल" नामक संस्थाको स्थापना गरिएको छ । संस्थालाई सुविधाको लागि "सास-नेपाल" भनी बोलाउन सकिनेछ ।

१.३.२. संस्था अविच्छिन्न उत्तराधिकार वाला स्वशासित स्वतन्त्र संस्था हुनेछ । संस्थाको उद्देश्य झल्कने गरी (अनुसूची-१ मा उल्लेख गरे बमोजिमको) संस्थाको आफ्नो प्रतीक चिन्ह (लोगो) तथा छाप हुनेछ ।

१.३.३. संस्थाले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजूर गर्न सक्ने छ र यस उपर पनि सोही नामबाट नालिस उजूर लाग्नेछ ।

१.३.४. संस्थाले ब्यक्ति सरह चल-अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न र कुनै प्रकारले हक हस्तान्तरण गर्न सक्नेछ ।

१.३.५. संस्थाको केन्द्रिय कार्यालय ललितपुर महानगरपालिका वार्ड नं. १५ मा रहनेछ ।

# परिच्छेद २

## २. उद्देश्यहरु

### २.१. संस्थाको उद्देश्यः

नेपालमा कृषि अनुसन्धान कार्यमा संलग्न कृषि वैज्ञानिक वा अनुसन्धानकर्ताहरुलाई एक सुत्रमा बाँधी सास-नेपालका सदस्यहरुको हकहित र मान मर्यादाको संरक्षण एवं संवर्धन गर्दै कृषिमा अनुसन्धानको स्तर बढाई कृषि क्षेत्रबाट देशको आर्थिक बिकासमा बढी भन्दा बढी टेवा पुर्याउनु संस्थाको मुख्य लक्ष हुनेछ । यो लक्ष्य प्राप्तिको लागि निम्न लिखित उद्देश्यहरु रहने छन्ः

२.१.१. नेपालको संविधान २०७२ ले ब्यवस्था गरेको प्रजातान्त्रिक मानव अधिकार तथा मौलिक हक र त्यसको निर्बाध उपयोग प्रति प्रतिबद्ध रहँदै संस्थाका सदस्यहरुको पेशागत हक हितको संरक्षण तथा संबर्धन गर्ने ।

२.१.२. नेपाल सरकार तथा नेपाल सरकार मातहतका र देश भित्र रहेका अन्य कृषि अनुसन्धान गर्ने निकायहरु, सेवा प्रदायक

संघसंस्थाहरुलाई नीति निर्माण गर्न सल्लाह दिने तथा आवश्यक विशेषज्ञ सेवा उपलव्ध गराउने ।

२.१.३. संस्थाले देशमा विद्यमान कृषि अनुसन्धान तथा यसबाट कृषि उत्पादनमा बृद्धि गराउन उपयोगी प्रविधिको खोज, निकालिएको निष्कर्ष, समस्या समाधान आदि बारे समय समयमा राष्ट्रिय वा अन्तराष्ट्रिय स्तरको कार्यशाला गोष्ठी, सेमिनार, सम्मेलन आदि संचालन गर्ने ।

२.१.४. समय समयमा कृषकहरु तथा जनसाधारणलाई उपयोगी कृषि पुस्तिका, अनुसन्धान कृतिहरुको संगालो आदि प्रकाशन गर्ने ।

२.१.५. कृषि अनुसन्धानको माध्यमबाट मुलुकभित्र कृषि विकास हुने खालको अनुभवको आदान प्रदान गर्न यस संस्थाले विभिन्न राष्ट्रिय तथा अन्तराष्ट्रिय संघसंस्थाहरुसंग समन्वय कायम गरी अनुसन्धानकर्ताहरुको आदान प्रदान गर्ने ।

२.१.६. विभिन्न स्वदेशी तथा विदेशी संघसंस्था वा व्यक्तिलाई आवश्यकता अनुसार वा माग भै आएअनुसार परामर्श सेवा उपलब्ध गराउने ।

२.१.७. कृषिसँग संबन्धित संघसंगठन तथा संस्थाहरुसंग सुमधुर सम्बन्ध राखी सहयोग आदान-प्रदान गर्ने ।

२.१.८. वैज्ञानिक जर्नलको प्रकाशन नियमितरुपमा गर्ने ।

# परिच्छेद ३

## ३. सदस्यता

३.१. यस सास-नेपालको देहाय बमोजिम पाँच किसिमका सदस्यहरु रहनेछन्ः साधारण सदस्य (General member), आजीवन सदस्य (Life member), सह सदस्य (Associate member), बेनेफ्याक्टर सदस्य (Benefactor member) तथा मानार्थ सदस्य (Honourary member)

### ३.१.१. साधारण सदस्यः

३.१.१.१. कृषि र पशुविज्ञानसँग सम्बन्धित विषयहरुमा कम्तिमा स्नातकोत्तर वा सो भन्दा माथिल्लो उपाधि प्राप्त गरी मान्यता प्राप्त संस्थामा कृषि अनुसन्धान कार्यमा संलग्न तथा सास-नेपालको उद्देश्य अनुरुप काम गर्ने वैज्ञानिक अथवा अनुसन्धानकर्ताहरु यस संस्थाले निर्धारण गरेको अनुसूची-२ अनुसारको फारम भरी शुल्क बुझाएर सदस्यता प्राप्त गर्न सक्नेछन् । यस्ता सदस्यहरुले संस्थाले दिने सबै सुविधाहरुको उपभोग गर्न पाउने छन् ।

३.१.१.२. माथि ३.१.१.१ मा जेसुकै कुरा लेखिएको भएतापनि कृषि र पशुविज्ञानसँग सम्बन्धित विषयहरुमा स्नातक मात्र गरेका अनुसन्धानकर्ताको हकमा कम्तिमा पनि एक वटा कृति (मुख्य लेखक भै) प्रतिष्ठित जर्नलमा प्रकाशित गरेका अनुसन्धानकर्ताहरुले यस्तो साधारण सदस्यता प्राप्त गर्न सक्नेछन् ।

३.१.१.३. माथि उल्लेखित शैक्षिक उपाधि बाहेक अन्य उपाधि प्राप्त गरी कृषि अनुसन्धानमा संलग्न व्यक्तिले सदस्यता प्राप्तिको लागि तोकिएको फर्म भरी अनुरोध गरेमा त्यस्ता व्यक्तिलाई सदस्यता दिने वा नदिने भन्ने निर्णय कार्यकारी समितिले गर्नेछ ।

३.१.१.४. साधारण सदस्यलाई मताधिकार प्राप्त हुनेछ ।

**३.१.२. आजीवन सदस्यः**

३.१.२.१. माथि ३.१.१. मा उल्लेखित मान्यता प्राप्त गरी संस्थाले तोकेको आजीवन सदस्यता शूल्क बापत रु. ३०००/- एकमुष्ठ वा बढीमा २ किस्तामा दुई वर्षभित्र बुझाई संस्थाले तोके बमोजिम दरखास्त फारम (अनुसूची-२) भरी आजीवन सदस्य बन्न सक्नेछन् ।

३.१.२.२. आजीवन सदस्यलाई मताधिकार प्राप्त हुनेछ ।

**३.१.३. सह सदस्यः**

३.१.३.१. माथि ३.१.१. मा उल्लेखित नियमानुसार नभएतापनि संस्थालाई मान्य हुने किसिमबाट कृषि अनुसन्धान गर्ने वा कृषि अनुसन्धान कार्यमा सरोकार राख्ने इच्छुक व्यक्तिले संस्थाको कार्यकारी समितिले तोके अनुसारको साधारण सदस्यले बुझाउनु पर्ने साधारण सदस्य सरह शुल्क बुझाई सह सदस्य बन्न सक्ने छन् ।

३.१.३.२. सह सदस्यलाई मताधिकार भने प्राप्त हुने छैन ।

**३.१.४. बेनेफ्याक्टर सदस्यः**

३.१.४.१. कुनै फर्म, प्रोजेक्ट, राष्ट्रिय वा अन्तराष्ट्रिय संघ संस्थाहरुलाई संस्थाले तोके अनुसार सदस्यता शुल्क बापत रु. ५०००/- प्रति बर्ष तिरी सदस्यता प्राप्त गर्न सक्ने छन् ।

३.१.४.२. यस्ता सदस्यलाई मतदान गर्ने अधिकार हुनेछ तर कार्यकारी समितिको चुनावमा उम्मेदवार हुन पाउने छैनन् ।

**३.१.५. मानार्थ सदस्यः**

३.१.५.१. लामो समयसम्म कृषि अनुसन्धान क्षेत्रमा सकृय योगदान पुर्याएका महानुभावहरुलाई कार्यकारी समितिले मानार्थ सदस्यता प्रदान गर्न सक्नेछ ।

३.१.५.२. मानार्थ सदस्यहरुले संस्थाको विभिन्न गतिविधिमा सहभागी हुन सक्नेछन् तर मतदान गर्न तथा उम्मेदवार हुन पाउने छैनन् ।

**३.२. सुविधाः**

सदस्यहरुलाई देहाय बमोजिम सुविधा दिइनेछः

३.२.१. संस्थाद्वारा प्रकाशित प्रकाशनहरु निःशुल्क उपलब्ध गराइने छ ।

३.२.२. सदस्यहरुले संस्थाद्वारा आयोजित प्रवचन, सम्मेलन, प्रदर्शनी, बहस, मनोरन्जन कार्यक्रम, सामाजिक क्रियाकलापहरुमा भाग लिन पाउने छन् ।

३.२.३. सदस्यहरुले कृषि अनुसन्धान सम्बन्धी कार्य सम्पादन गर्दा बेहोर्नु परेका समस्या समाधान तथा हक हितको संरक्षण गर्न सोसाइटीद्वारा प्रयास हुने छ ।

**३.३. सदस्यता प्रदान गर्ने विधिः**

३.३.१. कुनै पनि सदस्यताको (मानार्थ तथा बेनेफ्याक्टर सदस्य बाहेक) लागि संस्थाद्वारा निर्दिष्ट फारम भरी आवश्यक कागजात संलग्न राखी सोसाइटीको कुनै एक साधारण सदस्यद्वारा सिफारिस गराई निर्धारित प्रवेश तथा सदस्यता शुल्क बुझाई निवेदन दिनु पर्नेछ । कार्यकारी समितिले सो निवेदन माथि छानविन गरी निर्णय गर्नेछ र सो को जानकारी निवेदकलाई दिइने छ ।

३.३.२. संस्थालाई अमुल्य योगदान दिएको वा नेपालको कृषि अनुसन्धानमा विशेष योगदान पुर्याएको प्रतिष्ठित स्वदेशी वा

विदेशी नागरिकलाई मानार्थ सदस्यता दिन उचित ठानी १० जना साधारण सदस्यले प्रस्ताव गरी कार्यकारी समितिको दुई तिहाई सदस्यले अनुमोदन गरेमा प्रस्तावित व्यक्तिलाई संस्थाको मानार्थ सदस्यता दिइनेछ ।

३.३.३. संस्थाको केन्द्रिय कार्यालयमा एउटा मुख्य पन्जिका (दर्ता कपी) राखिने छ । जसमा संस्थाको सबै किसिमको सदस्यहरुको व्यक्तिगत विवरणको अभिलेख रहनेछ ।

३.३.४. प्रत्येक सदस्यहरुलाई सदस्य क्रमांक सहितको परिचय-पत्र दिइने छ ।

## ३.४. सदस्यताको समाप्तीः

कुनै पनि सदस्यको सदस्यता निम्न उल्लेखित अवस्थामा समाप्त हुनेछः

३.४.१. नियम अनुसार बुझाउनु पर्ने सदस्यता शुल्क नबुझाएमा ।

३.४.२. संस्थाको उद्देश्य विपरित काम गरेको प्रस्ताव साधारण सभाबाट पारित भएमा ।

३.४.३. माथि उल्लेखित सदस्यताहरुको कार्वाहि गर्न कार्यकारी समितिबाट सिफारिसमा गठन भएको तीन सदस्य भएको एक समितिले गर्न सक्ने छ ।

३.४.४. कुनै सदस्यलाई उपरोक्त कारणबाट सदस्यताबाट हटाइसकेपछि हटाएको मितिले १ वर्ष सम्म पुनः सदस्य बन्न सक्ने छैन । तर पुनः सदस्य बन्नको लागि उसले रजिष्ट्रेशन शुल्क र अरु बाँकी रहेका सबै शुल्क बुझाएपछि मात्र सदस्यता नवीकरण गर्न सक्ने छ ।

३.४.५. सदस्यताबाट राजिनामा दिई कार्यकारी समितिबाट स्वीकृति भएमा ।

# परिच्छेद ४

## ४.१. साधारण सभाः

४.१.१. मताधिकार प्राप्त सम्पुर्ण सदस्यहरुलाई बोलाई सन्चालित भेलालाई साधारण सभा मानिने छ ।

४.१.२. साधारण सभा संस्थाको सर्वोच्च अधिकारयुक्त नीति निर्धारण कर्ता र निर्णायक अंग हुनेछ ।

## ४.२. बैठकः

४.२.१. संस्थाको साधारण सभा प्रत्येक दुई वर्षमा एक पटक बोलाइने छ । उक्त साधारण सभामा संस्थामा भएका विभिन्न गतिविधिका विषयमा छलफल गरिने छ ।

४.२.२. साधारण सभामा कार्यकारी समितिले विगत अवधिमा भएको खर्च र आम्दानीको हिसाब पेश गरी पारित गराउने छ ।

४.२.३. साधारण सभा हुनु भन्दा एक महिना अगावै साधारण सभामा छलफल गरिने विषय तथा सभा हुने मिति, स्थान, समयको सूचना संस्थाका सदस्यहरुलाई पठाइने छ ।

४.२.४. असाधारण अवस्थामा कार्यकारी समितिले एक महिना अगावै सूचना दिई विशेष साधारण सभा बोलाउन सक्ने छ ।

४.२.५. साधारण सभाको अध्यक्षता अध्यक्षबाट हुनेछ र सो सभा संचालन गर्न निजले मुख्य भुमिका खेल्नेछ ।

४.२.६. साधारण सभाको विषय सूची कार्यकारी समितिले सभा हुनु अगाडि नै प्रकाशनमा ल्याउनु पर्नेछ ।

४.२.७. विशेष साधारण सभामा निर्धारित विषय सूची बाहेक अन्य कुरामा छलफल गर्नको लागि उक्त बैठकमा उपस्थित सदस्य संख्याको बहुमतको स्वीकृति आवश्यक पर्नेछ ।

४.२.८. कुनै पनि सदस्यले साधारण सभामा छलफलको लागि (विधान संशोधन बाहेक) अन्य प्रस्ताब ल्याउन चाहेमा सभा हुनु भन्दा

एक महिना अगावै लिखित रुपमा विषय खुलाई कार्यकारी समितिमा प्रस्तुत गर्नु पर्नेछ र सो प्रस्ताव कार्यकारी समितिको निर्णयानुसार साधारण सभामा राखिने छ । तर साधारण सभामा त्यस्तो प्रस्ताव सिधै ल्याउन चाहेमा कम्तीमा २५ जना उपस्थित सदस्यबाट लिखित रुपमा सभाको अध्यक्ष समक्ष प्रस्तुत गर्नु पर्नेछ ।

४.२.९. साधारण सभा वा कार्यकारी समितिको अधिकारिक बैठकमा विद्युतीय माध्यमबाट हुने उपस्थितिलाई पनि मान्यता दिइनेछ ।

## ४.३. साधारण सभाको कार्यः

४.३.१. विधान संशोधन गर्ने । तर यस्तो संशोधन नेपाल सरकारको अख्तियारी प्राप्त अधिकारीबाट स्वीकृत भएपछि लागु हुनेछ ।

४.३.२. कार्यकारी समितिको निर्णयलाई अनुमोदन वा अस्वीकृत गर्ने ।

४.३.३. विधानमा उल्लेखित कुनै पनि कुरा विवादास्पद भएमा अन्तिम निर्णय दिने ।

४.३.४. कार्यकारी समितिबाट गठित उपसमिति र कार्यकारी समितिले विधिपुर्वक राखेका प्रस्ताव तथा निर्णयहरुलाई अनुमोदन, हेरफेर वा अस्वीकार गर्ने ।

४.३.५. कुनै कारणले सदस्यताबाट निलम्बन परेका वा निष्कासन भएका सदस्यहरुलाई आवश्यक सर्त सहित पुनः सदस्यता प्रदान गर्ने ।

## ४.४ गणपुरक संख्याः

४.४.१. साधारण सभामा गणपुरक संख्याको लागि मताधिकार प्राप्त कुल सदस्य संख्याको कम्तिमा ५० प्रतिशत सदस्यहरुको उपस्थिति हुनु पर्नेछ । सो नभई साधारण सभा हुन नसकेमा त्यसको ठीक १५ दिन पछि तोकिएको स्थान र समयमा

अर्को साधारण सभा बोलाईने छ । यसमा उपस्थित भएका सदस्यहरु नै गणपुरक संख्या मानिने छ र साधारण बहुमतको आधारमा निर्णय हुनेछ ।

४.४.२. विशेष साधारण सभाको हकमा गणपुरक संख्या कुल मताधिकार प्राप्त सदस्य संख्याको एक तिहाईलाई मानिने छ । तर यस्तो विशेष अतिरिक्त साधारण सभा बोलाउँदा कार्यकारी समितिले छलफलको बिषय खुलाई ३० दिन अगावै सदस्यहरुलाई सूचना गर्नु पर्नेछ ।

४.४.३. साधारण सभाको निर्णय अध्यक्ष र सचिवद्वारा प्रमाणित गरिनेछ ।

**४.४.४.** साधारणतया कार्यकारी समितिको कोरम ५० प्रतिशत सदस्यहरुको उपस्थितिमा पुगेको मानिने छ ।

# परिच्छेद ५

## ५.१. कार्यकारी समितिः

सास-नेपाल संचालन र प्रवर्धन गर्न देहाय अनुसारको पदाधिकारीहरु भएको एक कार्यकारी समिति रहने छः

| | |
|---|---|
| ५.१.१. अध्यक्ष | १ |
| ५.१.२. उपाध्यक्ष | १ |
| ५.१.३. महासचिव | १ |
| ५.१.४.१. सचिव (प्रशासन व्यवस्थापन) | १ |
| ५.१.४.२. सचिव (समन्वय) | १ |
| ५.१.४.३. सचिव (आर्थिक संकलन) | १ |
| ५.१.५. कोषाध्यक्ष | १ |
| ५.१.६.१. सदस्य (सेमिनार सम्मेलन) | १ |
| ५.१.६.२. सदस्य (प्रकाशन व्यवस्थापन) | १ |
| ५.१.६.३. सदस्य (सदस्यता व्यवस्थापन) | १ |

५.१.६.४. सदस्य (योजना प्राविधिक सेवा) १

## ५.२. कार्यकारी समितिका पदाधिकारीहरुको काम, कर्तब्य र अधिकारः

### ५.२.१. अध्यक्षः

५.२.१.१. अध्यक्ष संस्थाको प्रमुख ब्यक्ति मानिनेछ ।

५.२.१.२. अध्यक्षले सबै समारोहहरुको अध्यक्षता गर्ने तथा सबै कार्यविधिहरु संचालन गर्नेछ ।

५.२.१.३. विशेष अवस्थामा अध्यक्षले कार्यकारी समितिको बैठक बोलाउन सक्नेछ ।

५.२.१.४. अध्यक्ष नै संस्थाको प्रबक्ता हुनेछ र कुनै किसिमको सभा, गोष्ठी तथा अन्य समारोहहरुमा संस्थाको प्रतिनिधित्व गर्नेछ । आफूले प्रतिनिधित्व गर्न नसकेमा कार्यकारी समितिका अन्य कुनै सदस्यहरु मध्येबाट एक वा एक भन्दा बढीलाई सिफारिस गरी प्रतिनिधित्व गराउन सक्नेछ ।

५.२.१.५. अध्यक्षले विधानको परिधि भित्र रही एक वर्षमा रू. १२०००/- मा नबढाई एक पटकमा रू. १०००/- सम्म खर्च गर्न सक्ने छन् । तर एक हजार रुपैयाँ भन्दा बढी खर्च गर्नुपरेमा साधारण सभाबाट अनुमोदन हुने गरी कार्यकारी समितिबाट निर्णय गरी समर्थन गर्नु पर्नेछ ।

५.२.१.६. संस्थाको नियम, उपनियमको व्याख्या गर्दा वा कार्यकारी समितिको अरु कृयाकलापमा मत दिन पाउने छैनन् तर मत बराबर भएमा निर्णायक मत अध्यक्षको हुनेछ ।

### ५.२.२. उपाध्यक्षः

५.२.२.१. अध्यक्षको पद रिक्त हुन आएमा वा अध्यक्षको अनुपस्थितिमा उपाध्यक्षले अध्यक्षको कार्यभार सम्हाल्ने छन् ।

५.२.२.२. गोष्ठी, सम्मेलन तथा अन्य प्राविधिक कुरा र कृति प्रकाशन आदिमा सकृय भुमिका खेल्नु पर्ने छ ।

५.२.२.३. समय समयमा कार्यकारी समितिले तोके बमोजिमको काम गर्नु पर्नेछ ।

**५.२.३. महासचिवः**

५.२.३.१. संस्थाको दैनिक कार्य संचालनको सबै अभिभारा महासचिवमा रहनेछ ।

५.२.३.२. सम्मेलन, सेमिनार तथा विभिन्न वैज्ञानिक गोष्ठी, प्रवचन आयोजना र प्रबन्ध गर्ने कार्य महासचिवको हुनेछ ।

५.२.३.३. आजिवन सदस्यहरुलाई प्रमाणपत्रको व्यवस्था गर्ने, सम्पादन मण्डललाई आवश्यक सहयोग पुर्याउने तथा विधानको परिधिभित्र रही वर्षमा रु. ३०००/- मा नबढाई एक पटकमा पाँच सय रुपैयाँ सम्मको खर्च विनियमभित्र रही गर्न सक्नेछन् ।

५.२.३.४. समय समयमा कार्यकारी समितिले तोके बमोजिमको काम गर्नु पर्नेछ ।

**५.२.४. सचिवहरुः**

५.२.४.१. माथी ५.१.४.१. देखि ५.१.४.३. सम्म उल्लेख भए अनुसार विशेष जिम्मेवारी बहन गरी कार्यकारी समितिले समय समयमा तोके बमोजिमको काम गर्नु पर्नेछ ।

**५.२.५. कोषाध्यक्षः**

५.२.५.१. संस्थाको सम्पुर्ण आर्थिक कारोबार कोषाध्यक्षको जिम्मामा रहनेछ ।

५.२.५.२. बार्षिक बजेट महासचिव मार्फत् कार्यकारी समितिमा पेश गर्ने ।

५.२.५.३. महासचिवको सिफारिसमा बिल भर्पाइहरुको भुक्तानी दिई हिसाब राख्ने ।

५.२.५.४. सम्पूर्ण सदस्यहरुको अध्यावधिक नाम र आर्थिक विवरण राख्ने ।

५.२.५.५. संस्थाको लागि उठेको सम्पूर्ण नगद काठमाडौं उपत्यका भित्रको कुनै बैंकमा जम्मा गरी संस्थाको नाममा खाता संचालन गर्ने ।

५.२.५.६. संस्थाको बार्षिक आयब्यय र आर्थिक स्थितिको पुरा विवरण प्रष्ट हुने गरी वार्षिक आर्थिक प्रतिवेदन तयार गरी लेखा परिक्षण गराउने ।

५.२.५.७ साधारण सभामा आर्थिक विवरण पेश गरी अनुमोदन गराउने ।

**५.२.६. सदस्यहरुः**

माथि ५.२.६. मा उल्लेख भए अनुसार विशेष जिम्मेवार बहन गरी कार्यकारी समितिले समय समयमा तोके बमोजिमको काम गर्नु पर्नेछ ।

## ५.३. प्रादेशिक उपसमिति तथा अन्य उपसमितिहरुको व्यवस्थाः

५.३.१. प्रत्येक प्रदेशमा एक-एक उपसमिति तथा आवश्यकता अनुसार अन्य उपसमितिहरु बनाउन सक्नेछ । ती उपसमितिहरुले कार्यकारी समितिसँग समन्वय गरी विधानको अधिनमा रही वैज्ञानिक हकहितमा कार्य गर्नेछन् । उक्त उपसमितिका प्रतिनिधिहरु कार्यकारी समितिको बैठकमा भाग लिन पाउनेछन् तर कोरम हिसाब गर्दा प्रतिनिधिहरुको अनुपस्थितिले असर गर्ने छैन।

५.३.२. संस्थाको प्रतिनिधि भै सम्बन्धित क्षेत्रमा विभिन्न कार्य गर्ने ।

## ५.४. कार्यकारी समितिको गठन तथा काम र विघटनः

कार्यकारी समिति संस्थाको विधान अनुरुप गठन भई सास-नेपालको दैनिक काम कारवाही गर्ने प्रशासकीय अंग हुनेछ ।

५.४.१. गठन र पदावधिः

५.४.१.१. निर्वाचन प्रकृयाद्वारा छानिएका अध्यक्ष-१, उपाध्यक्ष-१, महासचिव-१, सचिव-३, कोषाध्यक्ष-१ र सदस्य-४ गरी जम्मा ११ जनाको कार्यकारी समिति हुनेछ ।

५.४.१.२. कार्यकारी समितिको पदावधि २ वर्षको हुनेछ ।

५.४.१.३. प्रादेशिक उपसमिति तथा अन्य उपसमितिहरुको पनि पदावधि २ वर्षको हुनेछ ।

५.४.२. काम, कर्तव्य र अधिकारः

५.४.२.१. संस्थाको विधान अन्तरगत रही नीति निर्धारण, व्यवस्थापन, सुपरिवेक्षण, आर्थिक कारोवार लगायत अन्य सम्पूर्ण कार्य सम्पादन गर्नेछ ।

५.४.२.२. संस्थाको औपचारिक प्रतिनिधित्व गर्नेछ ।

५.४.२.३. संस्थाको उद्देश्य विपरित काम गर्ने सदस्यहरुको निगरानी तथा कारवाही गर्नेछ ।

५.४.२.४. आवश्यकता अनुरुप उपसमितिहरु गठन गरी काम गराउन सक्नेछ र यसरी गठन गरिएका उपसमितिहरु कार्यकारी समिति प्रति उत्तरदायी हुने छन् ।

५.४.२.५. मानार्थ सदस्य बाहेक नयाँ सदस्यता दिने, सदस्यता नविकरण गर्ने, सदस्यहरुको नामावली र आवश्यक विवरण अध्यावधिक राख्नेछ । सदस्यताबाट दिइएको राजीनामा उपर निर्णय दिनेछ ।

५.४.२.६. संस्थाको सदस्यहरु मध्येबाट तीन सदस्य भएको एक निर्वाचन समितिको गठन गर्नेछ ।

५.४.२.७. साधारण सभामा संस्थाको आर्थिक विवरण पेश गर्ने र अनुमोदन गराउनेछ ।

५.४.२.८. संस्थाको लागि विभिन्न श्रोतबाट आर्थिक संकलन गर्नेछ ।

५.४.२.९. संस्थाको अनुसन्धान सम्बन्धी कृषि पुस्तिका तथा अन्य प्रकाशन गर्नको लागि एक सक्षम सम्पादकीय मण्डल गठन गर्नेछ ।

५.४.२.१०. संस्थाको विधानमा कुनै कुरा संशोधन गर्नु परेमा कार्यकारी समितिका दुई तिहाई सदस्यहरुको सिफारिसमा साधारण सभाबाट अनुमोदन गराउन सक्नेछ ।

५.४.२.११. राष्ट्रिय वा अन्तराष्ट्रिय सम्मेलन, बैठक वा भ्रमणमा भाग लिन प्रतिनिधि वा प्रतिनिधि मण्डलको मनोनयन गर्नेछ ।

५.४.२.१२. कार्यकारी समितिको कुनै पनि अधिकारीबाट लिखित राजिनामा आएमा सो को छलफल गरी कार्यकारी समितिको बहुमतले राजिनामा स्वीकृत गर्न सक्नेछ ।

५.४.२.१३. संस्थालाई आवश्यक पर्ने कर्मचारी नियमानुसार भर्ना वा बर्खास्त गर्ने अधिकार रहनेछ ।

५.४.२.१४. कार्यकारी समितिको बैठकको निर्णय अध्यक्ष वा महासचिवद्वारा प्रमाणित गरी राखिनेछ ।

५.४.२.१५. कार्यकारी समितिले आवश्यकता अनुसार निर्देशिका, कार्यविधि, आचारसंहिता बनाई लागु गर्न सक्नेछ ।

५.४.२.१६. विधान सम्बन्धमा कार्यकारी समितिबाट भएको ब्याख्या अन्तिम हुनेछ ।

५.५. कुनै पनि राष्ट्रिय राजनीतिक पार्टी निकटका कर्मचारी संघ/संगठन, प्राध्यापक संघ/संगठन वा अन्य भातृ/भगिनी संगठनको कार्यसमितिमा बहाल रहेको सदस्य वा अन्य पदमा रहेका व्यक्तिहरुले यस सोसाइटीको कार्यकारी समितिमा उम्मेदवारी दिन वा कार्य समिति सदस्य हुन पाउने छैनन् ।

५.६. कार्यकारी समितिको विघटन

५.६.१. कार्यकारी समितिको संयूक्त वा बहुसंख्यक निर्वाचित पदाधिकारीहरु (६ वा त्यस भन्दा बढी) बाट राजिनामा भै वा अन्य कुनै कारणबाट कार्यकारी समिति निस्कृय हुन जाने अवस्था पर्न आएमा बाँकी कार्यरत पदाधिकारीहरुले बिशेष साधारण सभा बोलाई एक कार्यकारी समिति गठन गरी कार्यभार सुम्पिनेछ । त्यस्तो अन्तरिम कार्यकारी समितिले ६ महिना भित्र अर्को निर्वाचन गराइसक्नु पर्नेछ ।

५.६.२. संस्थाका साधारण सदस्यले कार्यकारी समितिका सबै वा कुनै पदाधिकारीको खारेजी सम्बन्धमा अविश्वासको प्रस्ताव ल्याउन आवश्यक देखेमा साधारण सभा हुनु भन्दा १५ दिन अगावै कारण सहितको लिखित प्रस्ताव सम्पुर्ण वैध सदस्यहरु मध्ये कम्तिमा २५ प्रतिशत सदस्यले सही गरी कार्यकारी समितिमा दर्ता गराउनु पर्नेछ । यसरी प्राप्त प्रस्ताव सभामा पेश गरी उपस्थित सदस्यहरुको दुई तिहाई बहुमतबाट पारित भए अनुसार स्वीकृत वा अस्वीकृत हुन सक्नेछ । तर कार्यकारी समितिले कार्यभार सम्हालेको एक वर्ष नपुगी यस अनुसार अविश्वासको प्रस्ताव पेश गर्न सक्ने छैन ।

५.६.३. कार्यकारी समितिको विधान प्रदत्त कार्य अवधि समाप्त भएपछि पनि कुनै कारणले एक बर्षसम्म पनि साधारण सभा नबोलाई निस्क्रिय भएको खण्डमा मताधिकार प्राप्त सदस्यहरु मध्येबाट २० प्रतिशत सदस्यहरुले साधारण सभा बोलाई नयाँ कार्यकारी समिति चयन गर्न सक्नेछ ।

# परिच्छेद ६

## ६. निर्वाचन:

६.१. निर्वाचन सम्पन्न गर्नको लागि कार्यकारी समितिले निर्वाचन समितिको गठन गर्नेछ । जसले संस्थाको निर्वाचन नियमावली बमोजिम बिभिन्न पदहरुका लागि निर्वाचन सम्पन्न गर्नेछ । निर्वाचन अधिकारीमा संस्थाका पदाधिकारी बाहेक अन्य साधारण सदस्यबाट मनोनित गरिनेछ । निर्वाचन समितिका सदस्यहरुले कार्यकारी समितिको निर्वाचनमा उम्मेदवार हुन पाउने छैनन् ।

६.२. पदाधिकारीहरुको निर्वाचन मताधिकार प्राप्त सदस्यहरुबाट गोप्य मतदानद्वारा प्रत्येक दुई वर्षमा गरिने छ । मतदानको परिणाम प्राप्त हुँदा बढी मत प्राप्त गरेको उम्मेदवार विजयी घोषणा गरिनेछ ।

६.३. कार्यकारी समितिले साधारण सदस्यहरुबाट तीन सदस्यीय निर्वाचन जाँचबुझ समिति पनि गठन गर्न सक्नेछ । पदाधिकारीको निर्वाचनमा कुनै पनि पदका लागि मनोनयन गर्दा संस्थाको विधान बमोजिम निर्धारित मनोनयन पत्र मत दिन पाउने सदस्यहरु मध्येबाट एक जना प्रस्तावक २ जना समर्थक हुनु पर्नेछ । तर एक जना सदस्यले एक जना उम्मेदरवारलाई मात्र समर्थन वा प्रस्ताव गर्न सक्नेछ ।

६.४. पदाधिकारीहरुको निर्वाचन गोप्य मतदानद्वारा मताधिकार प्राप्त सदस्यहरु साधारण सभामा प्रत्यक्ष उपस्थित भई वा हुलाक मतहरु वा अन्य विद्युतीय माध्यम वा दुवै वा सबै तरिकाद्वारा सम्पन्न गराइनेछ । प्रतिनिधि पठाएर मतदान दिन पाइने छैन । हुलाकद्वारा हुने मतदानमा मतदाताले आफ्नो मतपत्र रजिस्ट्री गरी निर्वाचन अधिकारीले तोकेको समय र ठेगानामा पठाउनु पर्नेछ ।

६.५. निर्वाचन गराउन विधानमा उल्लेखित नियमहरुको परिधिमा नपरेको क्रियाकलाप र समस्याहरुको समाधानको लागि निर्वाचन अधिकारीले आफ्नो स्वविवेक प्रयोग गर्नेछन् र निजको निर्णय अन्तिम हुनेछ ।

६.६. निर्वाचन सम्पन्न भै सकेपछि निर्वाचन अधिकारीले सम्बन्धित कागजात साविकको महासचिवलाई बुझाउनु पर्नेछ । र साविक महासचिवको राय बमोजिम निर्वाचित नयाँ पदाधिकारीलाई कार्यभार सुम्पिन मिति तोक्ने छन् । नव निर्वाचित पदाधिकारीहरुलाई कार्यभार नसुम्पिउन्जेल साविकका पदाधिकारीले नै संस्थाको कार्य सम्पादन गर्नेछन् ।

६.७. नव निर्वाचित पदाधिकारीहरुलाई निर्वाचन अधिकारीले बिधिपूर्वक लिखित शपथ ग्रहण गराई कार्यभार सुम्पिनेछ । उक्त कार्यक्रम सम्पन्न भएपछि निर्वाचन अधिकारीको कार्यावधि स्वतः समाप्त हुनेछ ।

६.८. निर्वाचनमा सहभागी हुने उम्मेदवारहरुको कुनै सिकायत भए निर्वाचनको नतिजा प्रकाशित भएको तीन दिन भित्र निर्वाचन जाँचबुझ समितिमा लिखित आवेदन दिन सक्ने छन् र उक्त जाँच समितिले ७ दिन भित्र निर्णय दिने छ र सो निर्णय अन्तिम हुनेछ ।

# परिच्छेद ७

## ७. आर्थिक व्यवस्था

### ७.१. आर्थिक वर्ष (आ.व.)

संस्थाको आर्थिक वर्ष नेपाल सरकारको आर्थिक बर्ष जस्तै प्रत्येक बर्षको साउन १ गतेदेखि असार मसान्तसम्म रहनेछ ।

### ७.२. आर्थिक श्रोत

संस्थाको देहाय बमोजिम आर्थिक श्रोत हुने छ ।

७.२.१. सदस्यहरुबाट प्राप्त प्रवेश र सदस्यता शुल्क ।

७.२.२. आजीवन सदस्यबाट एकमूष्ठ वा किस्तावन्दीमा आउने रकम ।

७.२.३. संस्थाको प्रकाशनको बिक्री वितरणबाट आउने रकम ।

७.२.४. बिभिन्न गोष्ठी, सम्मेलन, सभा, प्रदर्शनीबाट प्राप्त हुने आम्दानी ।

७.२.५. संस्थाको प्रकाशनहरुमा प्रकाशित हुने विज्ञापनबाट हुने आम्दानी ।

७.२.६. परामर्श सेवा वापत व्यक्ति वा सरकार र स्वदेशी वा विदेशी संघ संस्थाहरुबाट प्राप्त हुने रकम । तर विदेशी संस्थाबाट प्राप्त हुने रकम समाज कल्याण परिषद ऐनको रीत पुर्याई आम्दानी बाँधिनेछ ।

७.२.७. कार्यकारी समितिको निर्णयानुसार अन्य कुनै कार्यक्रम, श्रोत उपहार वा अनुदान आदिबाट प्राप्त रकम ।

## ७.३. चल-अचल सम्पत्ति

संस्थाको जिम्मामा रहेको जिन्सी तथा नगदी खातामा उल्लेखित सम्पूर्ण चल-अचल सम्पत्ति संस्थाको सम्पत्ति मानिनेछ ।

## ७.४. खर्च

७.४.१. संस्थाले विधान, आर्थिक नियमावली अनुसार संस्थाको कोषबाट आवश्यकता अनुसार खर्च गर्नेछ ।

७.४.२. उपरोक्त अनुसार प्राप्त आय श्रोतको रकम कुनै एक बैंकमा संस्थाको नाममा खाता खोली कोषाध्यक्ष र अध्यक्ष वा कोषाध्यक्ष र सचिवको संयुक्त दस्तखतबाट खाता संचालन गरिने छ । यसरी संस्थाको कृयाकलापमा भएको सम्पूर्ण खर्च कार्यकारी समितिले साधारण सभाबाट अनुमोदन गराउनु पर्नेछ ।

७.४.३. संस्थाले हिसाव विवरण र लेखा परीक्षण सम्बन्धी प्रतिवेदन प्रत्येक वर्ष नेपाल सरकारको अख्तियारी प्राप्त अधिकारी समक्ष पेश गर्नु पर्नेछ ।

## ७.५. लेखा परिक्षणः

कार्यकारी समितिद्वारा नियुक्त एक मान्यता प्राप्त लेखा परिक्षकद्वारा नियमानुसार संस्थाको लेखा परिक्षण गराइनेछ । प्रत्येक वर्षको अन्त्यमा कोषाध्यक्षले आयव्ययको लेखा परिक्षण गराउनु पर्नेछ ।

**७.६. विघटनको अवस्थामा सम्पत्ति हस्तान्तरणः**

कुनै कारणबश संस्था चल्न नसक्ने परिस्थिति आई सम्पूर्ण सदस्य संस्थाको बहुमतको निर्णयद्वारा विघटन भएको खण्डमा संस्थाको नाममा रहेका चल अचल सम्पत्ति कुनै पनि सदस्यहरुमा बाँडफाँड गर्नुको सट्टा लिनु पर्ने ऋण र दायित्व तिरी कुनै सम्पत्ति बाँकी रहेमा संस्था दर्ता ऐन २०३४ बमोजिम गरिनेछ ।

# परिच्छेद ८

## ८. प्रकाशन

८.१. संस्थाले समय समयमा अनुसन्धान कृतिहरु प्रकाशनमा ल्याउनेछ । यस्तो कृति प्रकाशनको लागि कार्यकारी समितिको निर्णयानुसार एउटा छुट्टै सम्पादक मण्डल गठन गरिनेछ, यस्तो सम्पादक मण्डलमा एउटा प्रबन्ध सम्पादक पनि रहनेछ ।

८.२. यसरी प्रकाशन हुने वैज्ञानिक जर्नल, पुस्तिका, प्रोसिडिङहरु स्तरीय र आत्मनिर्भर हुने किसिमबाट उत्पादन गरी तिनीहरुको उचित विक्री वितरण गरी सास-नेपालको आय श्रोतमा टेवा पुर्याउने हुनु पर्नेछ ।

८.३. जर्नल तथा अन्य पुस्तक पुस्तिका प्रकाशन सम्बन्धी आवश्यक नियम उपनियमहरु सम्पादक मण्डलले तयार पारी कार्यकारी समितिद्वारा पारित गराउनु पर्नेछ ।

८.४. प्रकाशनबाट हुने वैज्ञानिक जर्नल, पुस्तिका, प्रोसिडिङहरु स्तरीय र आत्मनिर्भर हुने किसिमबाट उत्पादन गरी तिनीहरुको उचित विक्री वितरण गरी संस्थाको आय श्रोतमा टेवा पुर्याउने हुनु पर्नेछ ।

८.५. प्रकाशनबाट प्राप्त हुने आय श्रोतको २५ प्रतिशत सम्मको रकम कार्यकारी समितिले सम्पादक मण्डललाई पारिश्रमिकको रुपमा दिन सक्नेछ ।

# परिच्छेद ९

**९.१. नियमावलीको व्यवस्थाः**

विभिन्न क्षेत्रमा कार्य संचालन गर्न विधानको उल्लंघन नहुने किसिमबाट कार्यकारी समितिले आवश्यक नियम विनियमहरु तयार गरी लागु गर्न सक्नेछ ।

**९.२. सम्मेलनः**

संस्थाले प्रत्येक दुई वर्षमा कृषि अनुसन्धानको वृहत सम्मेलन गर्नेछ । यसको लागि कार्यकारी समितिले एक सम्मेलन समिति गठन गरी सम्मेलनको व्यवस्था तथा संचालन गर्नेछ ।

**९.३. सम्झौता सम्बन्धी अभिलेखः**

यस विधान अनुसार सम्झौता वा व्यवस्थाहरुको अभिलेख संस्थाको केन्द्रिय कार्यालयमा मुल विधानमा पन्जिकृत गर्दै लैजानु पर्नेछ । तत्पश्चात् प्रकाशन हुने विधानमा यस्ता अभिलेखहरु समावेश गरिनु पर्नेछ ।

**९.४. सल्लाहकार समितिः**

कार्यकारी समितिले आवश्यकता अनुसार कृषि अनुसन्धान तथा अन्य विषयमा नीतिगत राय सल्लाह दिन कृषिका अन्य संस्था/संगठनहरुको प्रतिनिधित्व गराई सल्लाहकार उपसमिति गठन गर्न सक्नेछ । यस्ता उपसमितिहरुमा कम्तिमा पनि कार्यकारी समितिका सदस्यहरु मध्येबाट एक जनाको प्रतिनिधित्व रहनेछ ।

**९.५. प्रमुख संरक्षक**

राष्ट्रिय वा अन्तराष्ट्रिय क्षेत्रमा अनुसन्धानमा ख्याति प्राप्त नेपाली नागरिकलाई यस संस्थाको प्रमुख संरक्षक बनाईने छ । यसको लागि त्यस्ता महानुभावको पुर्ण स्वीकृति लिनु आवश्यक हुनेछ ।

## **अनुसूची-१:** सोसाईटी अफ एग्रिकल्चरल साइन्टिस्ट्स, नेपाल (सास-नेपाल) को प्रतीक चिन्ह (लोगो) तथा छाप

## **अनुसूची-२ः** सोसाईटी अफ एग्रिकल्चरल साइन्टिस्ट्स, नेपाल (सास-नेपाल) को सदस्यता प्राप्त गर्दा भर्नु पर्ने फाराम

म ..................................... सोसाईटी अफ एग्रिकल्चरल साइन्टिस्ट्स, नेपाल (सास-नेपाल) को (कुनै एकमा चिन्ह लगाउने)

(क) साधारण सदस्य (दर्ता दस्तुर वार्षिक रु. १००/- + दस्तुर रु. २००/-)

(ख) आजीवन सदस्य (रु. ३०००/-)

(ग) सह सदस्य (दर्ता दस्तुर वार्षिक रु. १००/- + दस्तुर रु.२००)

(घ) बेनेफेक्टर सदस्य (रु. ५००० प्रति वर्ष)

बन्न इच्छुक छु । सो सदस्यताको लागि शुल्क रु........ मेरो पत्रसाथ संलग्न गरी पेश गरेको छु । (आजीवन सदस्यताको हकमा ......... किस्तामा बुझाउने गरी पहिलो किस्ता वापत रु. ....... संलग्न गरेको छु, बाँकी किस्ता नबुझाएमा आजीवन सदस्यताबाट बन्चित हुनेछु र बुझाई सकेको शुल्क फिर्ता माग्ने छैन) म यस संस्थाको सदा सर्वदा हित हुने कार्यमा लाग्ने प्रण गर्दछु ।

----------------------
निवेदक (दस्तखत)

<u>**व्यक्तिगत बिवरण**</u>

नाम थरः

जन्म स्थानः

स्थायी ठेगानाः

हालको पेशाः

ठेगानाः

सिफारिस गर्ने सदस्यको नामः

ठेगानाः

<u>**काम गरेको संस्थाको नाम ठेगाना**</u>

संस्थाको नामः

काम गरेको सुरु मितिः

अनुसन्धान गरेको अनुभव वर्षः

संस्थाको ठेगानाः

**Professional qualification**

| SN | Degree | Year | Institution |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

**Work experiences**

| SN | Subject/field | Post /status | Year | Institution |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

**Publications**

| SN | Article title | Journal, volume, page no., year | Publisher | Remarks |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

**अनुसूची-३ः** सोसाईटी अफ एग्रिकल्चरल साइन्टिस्ट्स, नेपाल (सास-नेपाल) को कार्यकारी समितिका पदाधिकारीहरुको चुनावको लागि मनोनयन पत्र

सोसाईटी अफ एग्रिकल्चरल साइन्टिस्ट्स, नेपाल (सास-नेपाल) को कार्यकारी समितिका पदाधिकारीहरुको चुनावमा --------------------------------------- पदको लागि श्री -------------------------------------- को नाम प्रस्ताव गर्दछु ।

**उम्मेदवारको र प्रस्तावकको विवरण**

| | | | |
|---|---|---|---|
| उम्मेदवारको सही | | प्रस्तावकको सही | |
| उम्मेद्वारको नाम | | प्रस्तावकको नाम | |
| ठेगाना | | ठेगाना | |
| फोन नं | | फोन नं | |
| E-mail address | | E-mail address | |

**समर्थकहरुको विवरण**

| | | | |
|---|---|---|---|
| समर्थकको सही | | समर्थकको सही | |
| समर्थकको नाम | | समर्थकको नाम | |
| ठेगाना | | ठेगाना | |
| फोन नं | | फोन नं | |
| E-mail address | | E-mail address | |

**नोटः** मनोनयन पत्र नेपालीमा लेखिएको र विधानमा उल्लेख भएको पदको नाम नै लेखिएको हुनुपर्छ साथै कुनै सदस्यले एक पदको लागि एक व्यक्तिलाई मात्र प्रस्ताव वा समर्थन गर्न सक्दछ ।

## **अनुसूची-४:** सोसाईटी अफ एग्रिकल्चरल साइन्टिस्ट्स, नेपाल (सास-नेपाल) को कार्यकारी समितिका पदाधिकारीहरुको लागि हुने चुनावको मतपत्रको नमुना

**नमुना मतपत्र**

| **क्र.सं.** | **उम्मेदवारको नाम** | **पद** | **मत दिने खण्ड (√)** |
|---|---|---|---|
| १.१ | | अध्यक्ष | |
| १.२ | | | |
| १.३ | | | |
| २.१ | | उपाध्यक्ष | |
| २.२ | | | |
| २.३ | | | |
| ३.१ | | महासचिव | |
| ३.२ | | | |
| ३.३ | | | |
| ४.१ | | सचिव (प्रशासन व्यवस्थापन) | |
| ४.२ | | | |
| ४.३ | | | |
| ५.१ | | सचिव (समन्वय) | |
| ५.२ | | | |
| ५.३ | | | |
| 6.१ | | सचिव (आर्थिक संकलन) | |
| 6.२ | | | |
| 6.३ | | | |
| 7.१ | | कोषाध्यक्ष | |
| 7.२ | | | |
| 7.३ | | | |
| ८.१ | | सदस्य (सेमिनार सम्मेलन) | |
| ८.२ | | | |
| ८.३ | | | |
| ९.१ | | सदस्य (प्रकाशन व्यवस्थापन) | |
| ९.२ | | | |
| ९.३ | | | |
| १०.१ | | सदस्य (सदस्यता व्यवस्थापन) | |
| १०.२ | | | |
| १०.३ | | | |
| ११.१ | | सदस्य (योजना प्राविधिक सेवा) | |
| ११.२ | | | |
| ११.३ | | | |

-------------------

संयोजक, निर्वाचन समिति

**<u>नोटः</u>**

१. कुनै मतदाताले कुनै पदको लागि चाहिएको संख्या भन्दा बढी मत दिन पाउने छैन तर आफुले चाहेमा चाहिएको संख्या भन्दा कम मत दिन सक्ने छ र अधिकतम ११ पदको लागि प्रत्येक पदको एक उम्मेदवारको हिसाबले ११ मत दिन सक्नेछ ।

२. मत जुन उम्मेदवारलाई दिने हो, त्यसको नामको सामुन्ने खाली खण्ड भित्र √ चिन्ह लगाई मतदान गर्नु पर्दछ र यो चिन्ह कोठाभित्र हुने गरी लगाउनु पर्दछ तथा कोठा बाहिर गएमा वा दुई उम्मेदवारको बिचमा भएमा उक्त मत बदर हुनेछ ।

३. मतदान गर्ने खण्डमा केरमेट भएमा र दुई खण्डमा छोएमा, √ चिन्ह बाहेक अन्य चिन्ह प्रयोग गरेमा मतपत्र बदर हुनेछ ।

४. मतपत्रमा निर्वाचन समितिको संयोजकको दस्तखत भएको हुनुपर्दछ, सो नभएमा मतपत्र बदर हुनेछ ।

५. विद्युतीय प्रबिधिवाट मतदानको हकमा निर्बाचन समितिले तोकेको प्रक्रियाबाट मतदान गर्नुपर्नेछ ।

**अनुसूची-५:** सोसाईटी अफ एग्रिकल्चरल साइन्टिस्ट्स, नेपाल (सास-नेपाल) को नयाँ निर्वाचित कार्यकारी समितिका पदाधिकारीहरुद्वारा गरिने शपथ ग्रहण पत्र

## सपथ ग्रहण पत्र

म ---------------------------------- (आफ्नो नाउँ भन्ने) ईश्वर र सोसाईटी अफ एग्रिकल्चरल साइन्टिस्ट्स, नेपाल (सास-नेपाल) को नाममा सपथ लिन्छु कि म सोसाईटी अफ एग्रिकल्चरल साइन्टिस्ट्स, नेपाल (सास-नेपाल) को विधान र विधान अन्तर्गत बनेका नियम/उपनियमलाई शिरोपर गरी मर्यादासाथ सोसाईटी अफ एग्रिकल्चरल साइन्टिस्ट्स, नेपाल (सास-नेपाल) को सर्वोत्तम हित र विकासका लागि कर्तब्यनिष्ट रही आफ्नो भुमिका निर्वाह गर्ने छु ।

सोसाईटी अफ एग्रिकल्चरल साइन्टिस्ट्स, नेपाल (सास-नेपाल) र संस्थाका सदस्यहरुको हक र अधिकारको संरक्षण सम्बर्धनमा क्षमताले भ्याएसम्म पूर्ण बफादार रही काम गर्ने प्रण गर्दछु ।

**अनुसूची-६ः** सोसाईटी अफ एग्रिकल्चरल साइन्टिस्ट्स, नेपाल (सास-नेपाल) को नयाँ निर्वाचित कार्यकारी समितिका पदाधिकारीहरुलाई दिईने प्रमाण-पत्र

द.नं.ल.पु. ४९०/०५१/५२

**सोसाईटी अफ एग्रिकल्चरल साइन्टिस्ट्स, नेपाल (सास-नेपाल)**

**SOCIETY OF AGRICULTURAL SCIENTISTS, NEPAL (SAS-N)**

Estd. 1995

## प्रमाण-पत्र

सोसाईटी अफ एग्रिकल्चरल साइन्टिस्ट्स, नेपाल (सास-नेपाल) को मिति -------------मा सम्पन्न भएको कार्यकारी समितिको निर्वाचनमा तपाईं --------------------------- सास-नेपालको ------------------------ पदमा ---- बर्षे कार्यकालको लागि निर्वाचित हुनु भएकोले यो प्रमाण-पत्र प्रदान गरिएको छ ।

-----------------

संयोजक

निर्वाचन समिति